परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल


Talk Nepal National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाईन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

•वर्ष १ •अंक ३२५ •२०७९ साल माघ १३ शुक्रबार •(27 January-2023) •पृष्ठ ४ •मुल्य रु ३।- www.talknepaltv.com

## दिलिप हत्याकाण्डमा तत्कालिन ईन्सपेक्टर यादवसहित तीन प्रतिवेदक झिकाउन आदेश



टक नेपाल, जनकपुरधाम । पर्यावरण अभियानी दिलिप महतो हत्या काण्डमा ढल्केवर ईलाका प्रहरी कार्यालयका तत्कालिन ईन्सपेक्टर रामकुमार यादवसहित तीन जनालाई झिकाउने आदेश दिएको छ। धनुषाको मिथिला नगरपालिका वडा नम्बर ५ श्रीपुरका ओमप्रकाश महतो (दिलीप) को मुद्दामा प्रतिवेदनका व्यक्ति बुझ्ने आदेश भएको हो । जिल्ला अदालत धनुषाका न्यायाधीश चित्र बहादुर गुरुङ्गको इजलाशले प्रतिवेदनका व्यक्ति बुझ्ने आदेश दिएको हो। दिलीपलाई ०७६ पुस २५ गते चुरियामाई बालुवा प्रशोधन क्रसर उद्योगमा आवद्ध व्यक्तिहरुले औरही खोलामा हत्या गरेको आरोप छ। घटना स्थलमा पुगेर तत्कालीन प्रहरी निरीक्षक राम कुमा यादव, रामकुमार भण्डारी र कुलान्नद अमातले प्रतिवेदन तयार पारेको थियो । तीनै जना प्रतिवेदकलाई अदालतमा हाजिर हुन आदेश दिइएको छ । यसअघि गत मंसिर २ ९ गते हत्यामा प्रयोग भएको टिपर धनीलाई बुझ्ने आदेश दिइएको थियो । गएको पुष २८ गते अदालतमा उनको बकपत्र भएको थियो । यो मुद्दामा हालसम्म २० वटा पेशी चढिसकेको छ । तर मुद्दा किनारा लागेको छैन् । मुद्दा लम्बिँदै गएको छ । न्यायकालागि दिलीपको बुबा रामजीवन महतोसहित परिवारजन तीन वर्षदेखि अदालत धाउँदै आएका छन् । दश पटक उनको पेशी स्थगित नै गरिएको थियो । पेशी स्थगित हुँदा उनको घरपरिवार निराश बन्दै गएका छन् । हत्या आरोपमा धनुषा प्रहरीले क्रसर सञ्चालक विपिन महतोसहित सात जनालाई पक्राउ गरेको थियो । पक्राउ परेको मध्ये धरौटी रकम बुझाएर चार जना रिहा भइसकेका छन् । उनीहरु अहिले तारेखमा छन् । दिलीप हत्या आरोपमा पक्राउ परेका रोशन कुमार यादव, विनोद महतो, सत्यनारायण महतो र शत्रुधन महतो रिहा भइसकेका छन् । मुनिन्द्र महतो, विपिन महतो र जितेन्द्र महतो पुर्पक्षको लागि थुनामा छन् । जाहेरीवलाको वकिलले आरोपितहरुमाथि जन्मकैद हुनुपर्ने र पीडित परिवारलाई क्षतिपूर्ति दिनुपर्ने दाबी गरेका छन् ।

## महोत्तरीका क्रसरहरुको लाइन काट्न निर्देशन

टक नेपाल, बर्दिबास । जिल्ला समन्वय समिति (जिसस)ले मापदण्ड विपरीत सञ्चालनमा रहेका क्रसर उद्योग तथा वासिङ सेन्टरको विद्युत् लाइन काट्न सुरु गरेको छ। जिसस महोत्तरीले माघ ६ गते जारी गरेको पत्रका आधारमा गौशालास्थित विद्युत् प्राधिकरणको कार्यालयले त्यस्ता उद्योगको लाइन काट्न थालेको हो । जिससले उद्योगको नामै किटानी गरेर उपलब्ध गराएको विवरणका आधारमा अहिलेसम्म दर्जनभन्दा बढी उद्योगको लाइन काटिसकेको प्राधिकरणले जनाएको छ । प्रमुख जिल्ला अधिकारी दीपक पहाडीले जिल्ला अनुगमन समितिको निर्णयले ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड २०७७ अनुसार सर्त पूरा नगरेका उद्योगको लाइन काट्न सुरु गरिएको बताउनुभयो। 'समितिको निर्णयअनुसार विद्युत् कार्यालयले लाइन काट्न सुरु गरेको छ। त्यस कार्यमा बाधा अवरोध नहोस् भनेर हामीले सुरक्षा व्यवस्था मिलाइदिएका छौँ,' पहाडीले भन्नुभयो । जिसस महोत्तरीले उद्देश्यविपरीत सञ्चालनमा रहेका, दर्ता नवीकरण नभएका र अनुगमन समितिको निर्देशनविपरीत आवश्यक कागजात पेस नगरेका उद्योगको विद्युत् आपूर्ति विच्छेद गर्न पत्रचार गरिएको जनाएको छ । जिससले लाइन काट्न बर्दिबास नगरपालिकाअन्तर्गत सञ्चालनमा रहेका २२, गौशाला नपाका १३ र भङ्गाहासीतापुरका १२ गरी ४७ क्रसर उद्योगका नामावली प्राधिकरणलाई उपलब्ध गराएको थियो ।

*-बाँकी पृष्ठ ३ मा*

## मधेसमा भयावह
## बन्दै स्कुल नदेख्नेको सङ्ख्या



विशाल बस्नेत, महोत्तरी । गौशालाका १२ वर्षीय अभिषेक मुखिया र १४ वर्षीय अर्जुन मण्डललाई सानैदेखि विद्यालय गएर पढने रहर थियो। केही दिन विद्यालय पनि पुगे। तर उनका लागि किताब, कापी किन्नुपर्ने समस्या एकातिर रह्यो भने अर्कातिर वैधानिक आधार पनि । अहिलेसम्म उनीहरूको जन्मदर्ता छैन। विद्यालयले जन्मदर्ता नभई भर्ना नहुने भनेपछि दुवै जना विद्यालय जानबाट वञ्चित बनेका छन्। मण्डलकी आमाले सानैमा बाबुलाई छाडेपछि जन्मदर्ता बनाउन ध्यान पुगेन । उता मुखियाको भने गरिबीको कारण पढ्ने सपना अधुरो बन्यो। 'सानैदेखि बुबाले विद्यालय पठाउनुभएन, ठुलो भएपछि विद्यालय गएको जन्मदर्ता पो माग्यो,' मण्डलले भने, 'जन्मदर्ता बनाउने विषयमा थाहा नभएपछि विद्यालय जानै छाडेँ।' आजकल मुखिया र मण्डल दुवै लाई बर्दिबासको सडक वरिपरि कवाडी सामान, प्लास्टिकका भाँडा, बोतल टिपिरहेको देख्न सकिन्छ। उनीहरू पढाइ छाडेदेखि नै यही पेसालाई उनीहरूले रोजीरोटी बनाउँदै आएका छन् । मुखिया र मण्डल त जन्मदर्ता र गरिबीको कारणले पढाइ छाड्न बाध्य प्रतिनिधि पात्रमात्र हुन् । उनीहरू जस्तै मधेस प्रदेशमा थुप्रै बालबालिका जन्मदर्ता अभावमा विद्यालयबाहिर छन् । विद्यालयले भर्नाका लागि जन्मदर्ता अनिवार्य गरिसकेपछि पढाइ छाडेका छन् । पढाइ छाड्नुको पछाडि जन्मदर्ता अभावसँगै गरिबी र चेतना अभाव पनि सँगै जोडिएको छ ।

**जन्मदर्ताका कारण ३ प्रतिशत विद्यालयबाहिर**

सरकारले भर्ना प्रक्रियाका क्रममा नै जन्मदर्तालाई अनिवार्य गरेपछि महोत्तरीमा मात्र ३ प्रतिशत बालबालिका विद्यालयबाहिर रहेको १ तथ्याङ्कले देखाएको छ। शिक्षा विभागको २ वर्षअघिको तथ्याङ्क हेर्ने हो भने मधेस प्रदेशमा सबैभन्दा बढी बालबालिका विद्यालयबाहिर छन् ।

*-बाँकी पृष्ठ ३ मा*



# होटल, रेस्टुरेन्टले सेवा शुल्क लिन नपाउने सर्वोच्चको फैसला

टक नेपाल, काठमाडौं । सर्वोच्च अदालतले होटल, रेस्टुरेन्ट तथा अन्य सेवा प्रदायकले लिने गरेको सेवा शुल्क (सर्भिस चार्ज) लाई अमान्य भन्दै खारेज गरेको छ । बुधबार सर्वोच्चको संवैधानिक इजलासले सर्भिस चार्ज लिने गरी बनेको श्रम ऐनलाई संविधान बमोजिम अमान्य र बदर घोषित गरेको हो । कायममुकायम प्रधानन्यायाधीश हरिकृष्ण कार्की, न्यायाधीशहरू विश्वम्भरप्रसाद श्रेष्ठ, ईश्वरप्रसाद खतिवडा, डा. आनन्दमोहन भट्टराई र अनिलकुमार सिन्हाको संवैधानिक इजलासले होटल, रेस्टुरेन्ट, मोटल, ट्राभल एजेन्सी लगायतका सेवा प्रदायकले लिने सर्भिस चार्जलाई गैरकानुनी घोषित गर्दै त्यस्तो व्यवस्था तत्काल हटाउन परमादेश समेत जारी गरेको छ। "श्रम ऐन २०७४ को दफा ८७ को उपदफा ३ तथा श्रम नियमावली, २०७५ को नियम ८२ लाई नेपालको संविधानको धारा १३३ को उपधारा १ बमोजिम अमान्य र बदर घोषित गरिएको छ ।," सर्वोच्चको फैसलामा भनिएको छ । "विधायिकाद्वारा निर्मित ऐनले प्रष्ट र किटानी रूपमा शुल्कको निश्चित दर तोकी असुल गर्ने गरी अख्तियारी दिएको अवस्थामा बाहेक रोजगार दाताले सामूहिक सम्झौताको आधारमा शुल्क असुल गर्न नपाउने भएकाले यसरी सामूहिक सम्झौता बमोजिम शुल्क रकम लिने कार्य गर्न नदिनू नदिलाउनू, त्यस प्रकारको कार्य तत्काल रोक्नू भनी प्रत्यार्थीहरुका नाममा प्रतिषेध मिश्रित परमादेश समेत जारी हुने ठहर्छ ।" फैसलमा भनिएको छ । ऐन र नियमावलीको उक्त व्यवस्था खारेज भएसँगै अब होटल, रेस्टुरेन्ट तथा अन्य सेवा प्रदायकले सर्भिस चार्जका नाममा रकम उठाउन पाउने छैनन् । त्यस्तै, अब वस्तु वा सेवाको मूल्य कायम गर्दा पनि सम्पूर्ण खर्च जोडेर हुन आउने लगायतमा कानुनले तोकेको भन्दा बढी नाफा नराखी विक्री गर्नुपर्नेछ। वि.सं. २०७९ माघ ११ गतेदेखि नै लागू हुने गरी श्रम ऐन, २०७४ को दफा ८७ को उपदफा ३ तथा र श्रम नियमावली, २०७५ को नियम ८२ खारेज गरिदिएसँगै अब होटल रेस्टुरेन्ट तथा पर्यटनसँग सम्बन्धित सङ्घ संस्था वा अन्य सेवा दिने कम्पनी वा संस्थाले सर्भिस चार्ज लिन नपाउने सर्वोच्चद्वारा जारी भएको परमादेश सहितको फैसलामा उल्लेख छ । यसअघिसम्म विभिन्न होटल, रेस्टुरेन्ट तथा मुख्यतः पर्यटनसँग सम्बन्धित सङ्घ र संस्थाले १० प्रतिशत सेवा शुल्क लिने गरेका थिए । सोही विषयमा राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष प्रेमलाल महर्जनले २०७५ असोज २३ गते सर्वोच्च अदालतमा १० प्रतिशत सेवा शुल्कको विषय संविधानसँग बाझिएको भनी हटाउन माग गर्दै रिट दर्ता गराउनुभएको थियो । संविधानको धारा ४४ मा "प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुनेछ । गुणस्तरीय वस्तु वा सेवाबाट क्षति पुगेका व्यक्तिलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ" भन्ने प्रावधान रहेको सर्वोच्चले भनेको छ ।

# नेप्से परिसूचक झिनो अङ्कले घट्यो



टक नेपाल, काठमाडौं । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आज (बिहीबार) झिनो अङ्कले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक शून्य दशमलव ४१ अङ्कले घटेर दुई हजार एक सय ८३ दशमलव २१ मा सीमित भएको छ । आजको कारोबारमा ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव १० अङ्कले ओरालो लागेर चार सय १३ दशमलव १४ मा झरेको छ । कारोबार भएका कूल १३ उपसमूहमध्ये छ उपसमूहको शेयर मूल्यमा वृद्धि हुँदा सात उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ । कारोबार भएकामध्ये कूल एक सय एक कम्पनीको शेयर मूल्यमा वृद्धि हुँदा एक सय सात कम्पनीको शेयर मूल्य घटेको छ। यस्तै, पाँच कम्पनीको शेयर मूल्यमा भने कुनै परिवर्तन भएको छैन। आजको कारोबारमा ७७ लाख ६४ हजार एक सय ५३ कित्ता सेयर रु दुई अर्ब ८६ करोड ८२ हजार आठ सय ३८ मा कारोबार भएको छ । नेप्सेका अनुसार कारोबारका आधारमा समृद्धि फाइनान्स कम्पनी शीर्ष स्थानमा छ । सो कम्पनीको रु नौ करोड ७० लाख ९५ हजार सात सय छ बराबरको कारोबार भएको छ। यस्तै, रिडी पावर कम्पनी रु आठ करोड ६१ लाख ६४ हजार सात सय ६९, आँखु खोला जलविद्युत् कम्पनी रु सात करोड ३८ लाख ६८ हजार आठ सय ९४,नेपाल लाइफ इन्स्योरेन्स कम्पनी रु छ करोड ६७ लाख ६७ हजार नौ सय ३४ र अपि पावर कम्पनी रु छ करोड ४१ लाख आठ हजार आठ सय १४ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए । नेप्सेका अनुसार लुम्बिनी जनरल इन्स्योरेन्स, आदर्श लघुवित्त, वाराही हाइड्रोपावरको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । यस्तै, सूर्योज्योति लाइफ इन्स्योरेन्स नौ दशमलव ९८ र साञ्जेन जलविद्युत् कम्पनीको लगानीकर्ताले आठ दशमलव २३ प्रतिशतले कमाएका छन् । त्यस्तै, समृद्धि फाइनान्स सात दशमलव ६८, सप्तकोसी डेभलपमेन्ट बैङ्क चार दशमलव ५०, ग्रीन भेञ्चर्स चार दशमलव ५०, सर्पोट माइक्रोफाइनान्स तीन दशमलव ७३ र सानिमा इक्विटी फण्डका लगानीकर्ताले तीन दशमलव ६४ प्रतिशतले गुमाएका छन् ।

# सूचना नदिने प्रशासकीय अधिकृत यादवलाई १५ हजार जरिवाना



टक नेपाल, काठमाडौं, । सिरहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बलिराम यादवलाई माग भएको सूचना उपलब्ध नगराउँदा १५ हजार रुपियाँ जरिवाना तोकिएको छ । राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त रत्नप्रसाद मैनालीले बिहीबार जारी गरेको विज्ञप्तिमा निज यादवलाई सिरहा जिल्लाको नगरपालिका-७ निवासी परशुराम साहले सूचना माग गर्नुभएको थियो । आयोगले जेठ २३ गते सोही विषय पुनरावेदन भएको जनाएको छ । सो सन्दर्भमा आयोगले सात दिनभित्र सिरहा नगरपालिकाको कार्यालयलाई लिखित ब्यहोरा पठाउन आदेश दिएको थियो । आयोगले सूचना उपलब्ध गराउन पटक-पटक दिएको आदेशपछि पनि यादवले सूचना उपलब्ध नगराउँदा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३२ (१) बमोजिम कारबाहीको ब्यहोरा जानकारी गराएको जनाएको छ। कारबाहीको चेतावनीसहितको ब्यहोरा पश्चात् पनि सूचना उपलब्ध नभएपछि माघ ३ गते आयोगमा पुनः उजुरी पर्‍यो। नेपालको संविधान, २०७२ को धारा २७ मा प्रत्येक नागरिकले आफ्नो सरोकारको सूचना माग्ने र पाउने हकको व्यवस्था गरेको छ। यसपश्चात् आयोगबाट प्राकृतिक न्यायको सिद्धान्त बमोजिम यादव पूर्णतः गैर जिम्मेवार देखिएको औंल्याएको हो।

# गृहमन्त्री लामिछाने र बालेनबीच भेटवार्ता, सुकुमबासी व्यवस्थापनबारे छलफल



टक नेपाल, काठमाडौं । उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने र काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र साह (बालेन)बीच भेटवार्ता भएको छ । प्रमुख शाह गृहमन्त्री लामिछानेसँग सुकुमबासी बस्ती व्यवस्थापनका लागि भेट गर्न सिंहदरबारस्थित गृह मन्त्रालय पुगेका थिए । गृहमन्त्री लामिछाने र प्रमुख साहबीचको भेटवार्ता काठमाडौंको सुकुमबासी समस्या समाधान गर्नेतर्फ केन्द्रित रहेको जनाइएको छ । यसअघि काठमाडौं महानगरले गृह मन्त्रालयलाई थापाथलीको सुकुमबासी हटाउन सहयोग मागेको थियो । तर, गृह मन्त्रालयले विकल्पविना सहयोग गर्न नसक्ने जवाफ फर्काएपछि प्रमुख साह गृहमन्त्री भेट्न पुगेका हुन् ।


## लिङ्ग छनोट गरि गर्भपतन गर्नु अपराध हो

- लिङ्ग पहिचानको आधारमा छोरा र छोरीमा विभदे गरी सन्तान जन्माउने कार्य नगरौ, नगराऔ ।
- प्रवधिको प्रयोग गरी लिङ्ग पहिचान गर्ने र गर्भपतन गराउने कार्य अपराध हो ।, त्यसता कार्य गर्नु वा गराउनु हुदैन् ।
- चिकित्सक समेत त्यस्ता कार्यलाई निरुत्साहित गरी चिकित्सा पेशालाइ मर्यादित बनाऔ ।
- विभेद रहित समाजको निर्माण गरौ ।

बर्दिबास नगरपालिका, बर्दिबास (महोत्तरी)


## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | आज व्यवसायमा नोक्सानी बेहोर्नु पर्नेछ। | तुला | प्रेमीको सहयोग प्राप्त हुनेछ। |
| बृष | आज लगनशीलताले गरेका कामहरू अगाडि बढ्नेछन् । | वृश्चिक | आज रोकिएको धन पाइएला । |
| मिथुन | सामाजिक पद र प्रतिष्ठा कमाउने बेला छ। | धनु | लाभहानी, आयव्यय, सुखदुःख बराबरी मध्यम खालको दिन छ। |
| कर्कट | गरेको कार्यबाट नपत्याउँदो सफलता र फाइदा हुनेछ। | मकर | आज आफन्तसँग सहकार्यको अवसर मिल्नेछ। |
| सिंह | दुष्ट व्यक्तिको सङ्गतिले आत्मघाती काम गर्न पुगिएला सचेत रहनुहोला। | कुम्भ | आज अरुलाई प्रभावित पारेर काम बन्नेछ। |
| कन्या | शुभ समाचार सुन्न पाइएला। | मीन | आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ। |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

## ....सम्पादकीय

# गरिखान देऊ

इलामको सूर्योदय नगरपालिका-११ केराबारीका ३६ वर्षीय प्रेमप्रसाद आचार्यले आफैँलाई आगोको लप्कामा हालेर सन्देश दिएका छन्-देशमा गरिखाने अवस्था छैन। विद्यमान व्यवस्थाप्रति गरिखाने नागरिकको पीडालाई विद्रोहको स्वरूप दिएर उनले आफ्नो इहलीला समाप्त पारेका हुन् । आफ्ना कुरा बुझाउन उनले गरेको संघर्षलाई सामाजिक सञ्जालमा लेखेका छन्। उपचारकै क्रममा उनको निधन भएको छ। उनले विद्यमान व्यवस्थाका बारेमा उठाएका प्रश्नको महत्ता कम भएको छैन । बरु यसले झन् गम्भीर बनाएको छ। संघीय संसद् भवनअगाडि आचार्यले मंगलबार आत्मदाह गरेका हुन्। आत्मदाहबाट ८० प्रतिशतभन्दा बढी शरीर जलेका उनलाई वर्न अस्पताल कीर्तिपुर पुऱ्याइएको भए पनि बचाउने कार्य सफल भएन। गरिखाने वर्गको जटिल अवस्थालाई उनले उजागर गरेका छन्। प्रत्येक व्यक्ति यतिबेला यस्तै छटपटी र बेचैनीमा बाँचेको छ। देशभित्र केही गरौँ भनेर प्रयास गरिरहेका व्यक्तिहरूको अवस्था अत्यन्त कठिन छ त्यो कठिनाइले अन्ततः आत्मदाह जस्तो कठिन अवस्थामा पुऱ्याउन बाध्य बनाएका देखिन्छ । राज्य प्रणालीको काम कारबाही प्रतिक्रियात्मक मात्र छ। आचार्यले आत्मदाह गरेलगत्तै प्रहरीले पेट्रोलियम पदार्थ खुला रूपमा बिक्री नगर्न सूचित गरेको छ। पेट्रोल पम्पले मंगलबार रातिदेखि नै यो व्यवस्थाको पालना गरिसकेका छन् । यो सावधानीको आफ्नो महत्त्व हुन सक्छ । तर, यो घटना खुलारूपमा पेट्रोल बोकेकै कारण भएको हो भन्ने सोच बनाउने हो भने यथार्थ नजिक पुगिँदैन। नागरिकमा देखिएको यो तहको जीवनप्रतिको मोहभंग अवस्थाको निकास भने राज्यकै तहबाट खोज्न ढिला भइसकेको छ। आमनागरिकले असहाय महसुस गर्नुपर्ने अवस्थाबाट पनि राज्यको ध्यानाकर्षण हुँदैन भने यहाँ सुधारको कुनै गुञ्जायस छैन भन्ने मान्यतालाई बल पुग्छ। यस घटनालाई लिएर उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेको एउटा भावुक अभिव्यक्ति सामाजिक सञ्जालबाट सार्वजनिक भएको छ । उनले यसलाई 'हिजोदेखिको निराशा र पीडाको परिणाम' भनेका छन्। 'मलाई थाहा छ, आत्मदाहको निर्णय हिजोदेखिको निराशा र पीडाको परिणाम हो,' उनी अगाडि लेख्छन्, 'दुःख त मलाई यसमा लागेको छ कि हामी जस्ता नयाँहरूको आगमनले समेत तपाईंमा उत्साह थप्न सकेन, आशा जगाउन सकेन, आत्मदाहको निर्णय फेर्न सकेन। यसमा हामी दोषी छौँ, म दोषी छु।'

टक नेपाल
राष्ट्रिय दैनिक
"परिवर्तनको एक नयाँ आवाज"

# मधेसमा भयावह बन्दै स्कुल

तथ्याङ्कअनुसार मधेस प्रदेशका ८ जिल्लामा ५ देखि १२ वर्ष उमेरसम्मका १ लाख ५३ हजार ८० ९ जना छन्। देशभर विद्यालयबाहिर रहेका बालबालिकाको सङ्ख्याको झन्डै ४९ प्रतिशत मधेस प्रदेशले ओगटेको छ । यो उमेर समूहका ८२ हजार ४२० छोरी विद्यालयबाहिर छन् भने ७१ हजार ३ ८९ छोरा विद्यालय नै जाँदैनन्।

**सरकारको नाराले काम गरेन**

विद्यालयबाहिर रहेका बालबालिकालाई मध्यनजर गरेर प्रदेश सरकारले 'बेटी पढाऊ, बेटी बचाऊ' अभियान नै चलाए पनि प्रभावकारी हुन सकेन। महोत्तरीको दक्षिणी क्षेत्र मात्र होइन, शैक्षिक हिसाबले निकै राम्रो मानिएको उत्तरी क्षेत्रमा पनि बालबालिकाको विद्यालयप्रतिको आकर्षण कम छ । जसको कारण जन्मदर्ता तथा गरिबी नै जोडिएको छ । 'हाम्रातिर जन्मदर्ताकै कारण बच्चाहरू पढ्नबाट वञ्चित भएको उदाहरण कम नै छ,' जनता माध्यमिक विद्यालयका प्रधानाध्यापक दीपकराज बरालले भने, 'बरु स्वस्फूर्त पढाइ छाड्नेहरू छन्, तिनीहरूलाई विद्यालयभित्र ल्याउन सकिएको छैन।' यता बर्दिबासकै पञ्चधुरा माध्यमिक विद्यालयका प्रधानाध्यापक हरि दाहाल भने अनिवार्य जन्मदर्ताका कारण समस्या उत्पन्न भइरहेको बताउँछन् । 'इमिस भन्ने सफ्टवेयरमा जन्मदर्तासहितको अपडेट गर्न सरकारले अनिवार्य गरेको छ, जसका कारण कतिपय बालबालिकालाई समस्या छ,' उनले भने। सेभ द चिल्ड्रेनको पछिल्लो १ वर्षको तथ्याङ्कअनुसार दाहालकै वडामा १४ जना बालबालिका विभिन्न कारणले विद्यालय जान नसकेको देखिएको छ। जसमध्ये ७ जना बालबालिकाको जन्मदर्ताको समस्याकै कारणले विद्यालय छाडेको सीएफडब्लूका शिक्षा मामला हेर्ने मदनराज भट्ट बताउँछन् । मधेस प्रदेशको आवधिक योजना (२०७७-२०८२) का अनुसार प्रदेशमा ५ वर्षमुनिका बालबालिकाको सङ्ख्या ६ लाख १९ हजार ३८४ छ। जसमध्ये जन्मदर्ता गर्नुपर्छ भन्ने कमै जानकारी भएका डोम समुदायको जनसङ्ख्या पनि मधेसमा उल्लेख्य छ । तथ्याङ्कअनुसार डोम समुदायको जनसङ्ख्या मात्र ९ हजार ६२१ छ । त्यस्तै डोम समुदाय जस्तै पिछडिएको हलखोर समुदायको जनसङ्ख्या ३ हजार ६२२ छ । महोत्तरीको गौशालालगायत प्रदेशका विभिन्न ठाउँमा बस्ने यो समुदायका बालबालिका विद्यालय नै नजाने गरेको पाइएको छ। मधेसमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र २०७८ को तथ्याङ्कअनुसार ४ हजार ९७७ सामुदायिक विद्यालय, ६५१ वटा प्रारम्भिक बालविकास केन्द्र, ३ हजार ७८५ आधारभूत विद्यालय, १ हजार ८५० वटा ६-८ विद्यालय र १ हजार ४५८ वटा माध्यमिक विद्यालय छन्। कुल भर्नादर ५४ दशमलव ७१ प्रतिशत मात्र रहेको मधेसमा बालबालिकाको भर्नादर निकै कम छ। स्थानीय तहमा समेत मधेसमा बालबालिका किन विद्यालयबाहिर छन्, कति सङ्ख्यामा बाहिर छन् भन्ने तथ्याङ्क छैन । बर्दिबास नगरपालिकाका नगर प्रमुख प्रह्लादकुमार क्षेत्रीका अनुसार विद्यालयबाहिर रहेका बालबालिकाको तथ्याङ्क सङ्कलन भइरहेको छ । 'हामी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरदेखि वैधानिक र गरिबीका कारण समस्या झेलिरहेका बालबालिकालाई विद्यालयभित्र फर्काउने अभियानमा छौँ,' क्षेत्री भन्छन्। बर्दिबासमा ५० जनामा गरिएको सर्वेक्षणले ५० प्रतिशत बालबालिका जन्मदर्ताकै कारण विद्यालयबाहिर रहेको देखाएको छ। यो सङ्ख्या दलित र जनजातिको मात्र हो। क्षेत्री, ब्राह्मणको छोराछोरी विद्यालयबाहिर रहनेको सङ्ख्या निक्कै नगन्य मात्रामा देखिएको छ । बर्दिबासस्थित दुम्सीडाँडा बस्ने चन्द्रबहादुर स्याङ्तानका ४ सन्तान नै विद्यालयबाहिर छन्। उनका जेठा छोरा आइमान स्याङ्तान १२ वर्षका भए भने बाँकी ११, ८ र ६ वर्षका छन् । 'अहिलेसम्म उनीहरूको जन्मदर्ता बनेको छैन, विद्यालयमा हुने कुरै भएन,' बुबा चन्द्रे स्याङ्तानले भने।

# महोत्तरीका क्रसरहरुको लाइन

तीमध्ये दुई दिनको अवधिमा १५ उद्योगका लाइन काटिएको नेपाल विद्युत् प्राधिकरण गौशाला शाखाका प्रमुख प्रवीण झाले बताउनुभयो। 'अहिलेसम्म लाइन काटिएका सबै क्रसर तथा वासिङ सेन्टर बर्दिबास नगर क्षेत्रभित्रका हुन्,' झाले भन्नुभयो। क्रसर उद्योगीले भने जिससले आफूखुसी लाइन काट्न थालेको भन्दै विरोध गरेका छन्। आफूहरूसँग आवश्यक कागजात हुदाँहुँदै पनि अनुगमनका नाममा गरिखान नदिने, अनावश्यक दुःख दिने र लाइनसमेत काट्ने आदेश दिएर जिससले सास्ती दिएको भन्दै विरोध गरेका छन् । जिससले माघ ६ गते जारी गरेको 'बिजुली आपूर्ति विच्छेद गरिदिने'



विषयको पत्रको बोधार्थमा भङ्गाहा, बर्दिबास र गौशाला नगरपालिकालाई आवश्यक सहयोगका लागि अनुरोध गरिएको छ । तर, बर्दिबास नगरका प्रमुख प्रह्लाद क्षेत्रीले लाइन काट्ने बेहोराको पत्रबारे आफूलाई औपचारिक जानकारी नआएको बताउनुभयो। यसको विरोधमा उत्रेका क्रसर उद्योगी र अनुगमन समितिबीच प्रशासन कार्यालय महोत्तरीमा छलफल गरिएको छ । जिसस महोत्तरीका प्रमुख सुमनलाल कर्ण नेतृत्वको टोलीले जिल्लाका क्रसर तथा वासिङ उद्योगको पुस ७, १० र १३ गते स्थलगत अनुगमन गरेको थियो। अनुगमनका क्रममा सबै क्रसर उद्योग गैरकानुनी ढङ्गमा सञ्चालनमा रहेको पाइएको थियो । सबैलाई आफ्नो वैधता प्रमाणित हुने कागजात पेस गर्न भनिएकोमा अटेर गर्ने क्रसर तथा वासिङ सेन्टरको लाइन काट्ने निर्णय गरिएको कर्णले जनाउनुभयो ।



# बिनाविभागिय मन्त्रीले पाए विभाग, जनमतलाई कृषि मन्त्रालय

टक नेपाल, जनकपुरधाम । मधेश प्रदेशका बिना विभागिय मन्त्रीहरुको विभाग तोकिएको छ । मुख्यमन्त्री सरोजकुमार यादवको सिफारिसमा प्रदेश प्रमुख हरिशंकर मिश्रले तीनैजना बिना विभागिय मन्त्रीको विभाग तोकेका छन् । जसअनुसार, नेकपा एमालेका संसदीय दलका नेता सरोजकुमार यादवलाई भौतिक पूर्वाधार विकास मन्त्रालय, जनता समाजवादी पार्टीका संजय कुमार यादवलाई अर्थमन्त्रालयको जिम्मा दिइएको छ । यस्तै, जनमत पार्टीका बसन्त कुमार कुशवाहालाई भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको जिम्मा दिइएको छ । बिहिबार प्रदेश प्रमुख हरिशंकर मिश्रले मुख्यमन्त्री यादवको सिफारिसमा नेपालको सर्वंविधानको धारा १६८ को उपधारा ९ बमोजिम मन्त्रिपरिषद्मा बिना विभागिय मन्त्रीको जिम्मेवारी तोकेका छन् । बाँकी मन्त्रालय मुख्यमन्त्री यादवले अहिले आफैसँग राखेका छन् ।

# सक्रिय भए वन कर्मचारी



टक नेपाल, ढल्केबर । चुरे तथा भावर क्षेत्रमा रहेको वनजङ्गलबाट काठ चोरी तस्करी वृद्धि भएको जनगुनासो बढेपछि धनुषाका वन कर्मचारीले निगरानी बढाएका छन्। वनबाट हुने काठ तस्करी रोक्न वन कर्मचारीले चौबिसै घण्टा तीनवटा सवारी र पैदल गस्ती खटाएर निगरानी बढाएका हुन्। डिभिजन वन कार्यालय धनुषाका डिभिजनल प्रमुख बेचन चौधरीले काठ ओसारपसार हुने चोर बाटो र भित्री जङ्गलसम्म गस्ती टोली खटिएको बताउनुभयो। यस क्रममा एक साताभित्र १३० क्युफिटभन्दा बढी अवैध काठ बरामद गरिएको जानकारी उहाँले दिनुभयो। गस्ती तथा सुराकीका आधारमा जिल्लाको चिसापानी, धनुषाधाम, भरतपुर लगायतका स्थानबाट सालको काठ बरामद गरिएको हो। पछिल्लो पटक सोमबार जिल्लाको क्षीरेश्वरनाथ नगर पालिका-८, दिगम्बुरस्थित विजय विश्वकर्माको घरबाट २० क्युफिट सालको चिरान काठ बरामद गरिएको छ। डिभिजनल प्रमुख चौधरीले वनबाट हुने अवैध काठ तस्करी रोकथाम गर्न वन कार्यालय सक्रिय रहेको बताउँदै आफू डिभिजनल वन प्रमुखका रूपमा धनुषा आएदेखि नै अवैध काठ तस्करी शून्यमा झार्ने रणनीतिसहित अगाडि बढेको बताउनुभयो। कार्यालय मातहत रहेको लालगढ, पुष्पवलपुर, भरतपुर र चिसापानी सब डिभिजन वन कार्यालय कर्मचारीलाई सक्रिय भएर वनको सुरक्षा गर्न निर्देशन दिइएको डिभिजन प्रमुख चौधरीले बताउनुभयो ।

# महोत्तरीमा ट्याक्टर दुर्घटना : एकको मृत्यु, २४ घाइते

टक नेपाल , बर्दिबास । महोत्तरीको बर्दिबासमा ट्र्याक्टर दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ भने २४ जना घाइते भएका छन् । सिन्धुलीस्थित लंगुर खोलाबाट तीर्थ गरेर फर्किएका एकजनाको ज्यान गएको हो । मृतकको पहिचान खुल्न सकेको छैन । ट्र्याक्टरमा सवार सवै यात्रु धनुषास्थित औरही नगरपालिका वडा नम्बर ५ का हुनसक्ने प्रहरीको अनुमान छ । घाइतेमध्ये गम्भीर घाइते दुईजनाको सनाखत हुन सकेको छैन । अन्य सबै औरही वडा नम्बर ५ का नै भएको प्रहरीले जनाएको छ । आज बिहान बर्दिबास-३ स्थित पाटु मोडमा २५ जना सवार प्रदेश २-०२-००१ त.२२६४ नम्बरको ट्र्याक्टर अनियन्त्रित भएर दुर्घटना भएको प्रहरीले जनाएको छ । प्रहरी नायव उपरीक्षक रवि रावलका अनुसार चालक भने फरार भएका छन । घाइते भएका मध्ये ४०/४५ वर्ष उमेरको जस्तो देखिने महिलालाई उपचारको लागि बर्दिबासस्थित जनसेवा अस्पताल ल्याउने क्रममा बाटोमै मृत्यु भएको नायव उपरीक्षक रावलले जानकारी दिए । पहिचान खुल्न नसकेका दुईजना महिलाको बर्दिबासमा उपचार हुन नसकेपछि जनकपुस्थित चन्द्रकला अस्पताल पुऱ्याइएको छ । त्यसैगरी औरही नै बस्ने कुमारी मण्डल सामान्य उपचारपश्चात् जनकपुर रामजानकी अस्पतालमा रिफर गरिएको छ । उनको पनि अवस्था चिन्ताजनक रहेको अस्पाल स्रोतले वताएको छ । अन्य घाइतेमा जुलेवी मण्डल, चन्द्रकुमारी मण्डल, रेम्नी देवी, नयनकुमारी मण्डल, पवनदेवी मण्डल, सिकिलिया मण्डल, सीताकुमारी मण्डल, सुकुमरिया देवी, देवु मण्डल, कुसुम मण्डल, कलादेवी मण्डल, सुमित्रादेवी ठाकुर र चन्द्रादेवी मण्डल रहेको प्रहरीले जनाएको छ । अहिले उनीहरुको उपचार जनकपुर स्थित रामजानकी अस्पताल, चन्द्रकला अस्पताल, बर्दिबासस्थित जनसेवा, सुभस्वस्तिक र बर्दिबास अस्पतालमा उपचार भइरहेको छ ।










बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, तुलसा माया कार्की, प्रधान सम्पादक : तुलसी रमण काफ्ले, सम्पादक : रंजुकुमारी साह, व्यवस्थापक : नवीन चौधरी र ललन मण्डल, कार्यकारी सम्पादक : बिबेक कुमार महतो, बजार व्यवस्थापक : अनुराग यादव
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com